**परिचय :**

नेपालको खेलकुद क्षेत्र विकासको प्रचुर सम्भावना र चुनौतीपुर्ण अवस्थाको दोसाधमा उभिएको छ । खेलकुद क्षेत्रमा देखिएको समस्याहरुकको निराकरण बिना चौतर्फि विकासको सिर्जना गर्न सकिदैन । सुशासन खेलाडी उत्पादन एंव विकास, व्यवसायीक लिग तथा प्रतियोगिताहरु भौतिक पुर्वाधार जस्ता महत्वपूर्ण पक्षहरुमा थुप्रै चुनौतीहरु देखा परेका छन् । महालेखाको प्रतिवेदनहरुमा परिषदको तर्फबाट पेश्की तथा वेरुजु फछ्र्यौट हुन बाँकी संख्यौ विषयहरुले परिषदको आर्थिक प्रशासन निकै कमजोर रहेको देखिन्छ । आर्थिक अनियमिता तथा अनुशासहिनता सम्बन्धी सार्वजनिक भएका सवालहरुले संस्थाको शिर निहुरेको छ । यसर्थ आर्थिक पक्षको सवालीकरण र सुदृढीकरण गर्न अति आवश्यक देखिन्छ । पर्याप्त स्तरीय खेलकुद पुर्वाधारमा कमी, दक्ष जनशक्तिहरुको कमि, प्रतियोगिताहरुको तालिका निर्धारण तथा निर्धारित तालिकाहरु अनुरुप कार्यक्रम नहुनाले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलकुद क्षेत्रको विकासमा अवरोध भएको छ । विभागहरु बिच समन्वय नहुनु, ऐन जारी भए पश्चात कार्यन्वयनमा उदासिनता देखा पर्न एंव पछिल्लो समयमा संघ प्रदेश, जिल्ला तथा स्थानीय तह बिच प्रभावकारी समन्वय हुन नसकेकोले खेलकुद क्षेत्र अस्त व्यस्त देखा परेको छ । ऐन अनुरुप नियम विनियम तथा क्रियान्वयन गर्न आवश्यक देखिन्छ । कर्मचारी समायोजन, स्तरवृद्धी तथा परिषदको विभागिय कामहरुमा समेत केही परिमार्जन गर्न जरुरी देखिन्छ । खेलेर नै जीवन/ भविश्य सुनिश्चित हुने कुरामा खेलाडीहरु आश्वासन हुन सकेको छैन । यसतर्फ परिषदले ठोस योजना अघि बढाउन आवश्यक देखिन्छ ।केही खेलको मात्र व्यवसायीक करियरकै रुपमा खेलाडीहरु देखा पर्न थालेका छन् । जुन सुखद पक्ष हो ।

२००४ सालबाट खेल संघहरुको स्थापना गर्ने काम थालनी भएता पनि २०१५ सालमा मात्र परिषदको स्थापना भएको पाइन्छ । कानुनी तथा संरचनागत रुपमा खेलकुदलाई व्यवस्थित बनाउन २०२१ म पछिल्लो पटक खेलकुद विकास ऐन जारी गरी ठोस पहल लिएको देखिन्छ । २०४८ सालमा दोस्रो खेलकुद ऐन जारी भएको देखिन्छ । राजनीतिक परिवर्तनले देशको मुल कानुनमा आएका परिवर्तन संगै खेलकुद ऐन जारी हुन परिवर्तनको आत्मसातीकरण गर्नु पनि हो । २०७७ खेलकुद विकास ऐन पनि मुलुक संघीय ढाँचामा गए पश्चात सोही अनुरुप तथा खेलकुद क्षेत्रलाई थप परिनाममुखी बनाउन जारी भएको हो । स्थापना काल देखि नेपाली खेलकुदले विकासको लागि गरेका सकारात्मक प्रयासहरु प्रति अनुग्रहित छ । नेपाली खेलकुदमा संख्यौ गलत गतिविधिहरु समेत भएको पाइन्छ । आर्थिक अराजकता असक्षमता, शुशासन कायम गर्न नसक्नु जस्ता समस्याहरु परिषदको उन्नतीको लागि बाधकको रुपमा देखा परेका छन् ।

राष्ट्रिय टीमको तयारीलाई व्यवस्थित पार्दै अन्तराष्ट्रिय प्रर्दशनमा अमुल्य परिवर्तनका लागि केन्द्रीत भएर कार्य गर्न आवश्यक देखिन्छ । ओलम्पिक, एसिएन, दक्षिण एशियाली खेलकुद संग सम्बन्धित खेललाई प्राथमिकतामा राख्दै अन्य खेलहरुको विकासको लागि समेत प्रोत्साहन गर्दै अघि बढ्ने नीति

लिनु आवश्यक छ । तत्कालीन र दिर्घकालीन कार्यक्रम निर्माण गरीनु पर्दछ । राष्ट्रको प्रतिष्ठा एंव नागरिकको स्वास्थसंग जोडिएको खेलकुद क्षेत्र राज्यको उच्च प्राथमिकतामा हुन जरुरी छ । खेलकुदको माध्यमबाट अन्तराष्ट्रिय क्षेत्रमा देशको शिर उच्च बनाउन सकिने आर्थिक एंव सैन्य महाशक्ति राष्ट्रलाई समेत खेलकुदको माध्यमबाट चुनौती पेश गर्न सकिने भएकोले यस क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक प्रतियोगिता, गतिविधि, राष्ट्रिय टीमको तयारी, खेलकुद पुर्वाधार तथा नँया प्रविधि तालिम तथा शिक्षणमा निकै अपर्याप्त देखिन्छ । नागरिक निजी क्षेत्र संगको सहकार्यलाई प्रभावकारी बनाएर लैजान आवश्यक देखिन्छ ।

**दुरदृष्टि :** "स्वास्थका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

**लक्ष्य र उद्देश्य :**

- खेलकुद निकायहरु बिच प्रभावकारी सहकार्य गर्दै केन्द्र देखि स्थानीय स्तर सम्म शुशासन कायम गर्ने । अन्तराष्ट्रिय रुपमा भएका उत्कृष्ट अनुभवलाई नेपालको सपिक्षतामा लागु गर्न प्रयत्न गर्ने ।
    - ➢ खेलकुद सम्बन्धी परियोजनाहरु कार्यान्वयन गर्न संघ र प्रदेश खेलकुद परिषद बिच बलियो सम्बन्ध स्थापना गर्ने ।
    - ➢ नीति, कार्यक्रम, गतिविधिहरु जनकारी तथा साझेदारी गर्नका लागि अद्यावधिक संयन्त्र स्थापना गर्ने ।
    - ➢ सूचनाको पहुँच तथा अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी कामलाई व्यवस्थित गर्ने ।
- विद्यालय देखि विश्वविद्यालय स्तरको प्रतियोगिता र स्थानीय देखि संघीय स्तरका प्रतियोगिताहरुको सहित समावेश गरिएको वर्षभरीका खेलकुद तालिका मार्फत खेलाडीहरुको विकासका लागि कार्यसंरचना स्थापना गर्ने ।
    - ➢ ग्रासरुट स्तर देखि व्यवसायिक स्तर सम्म जाने मार्ग चित्रण गर्ने ।
    - ➢ आम नागरिक तथा खेल प्रमीलाई खेलकुदमा अवसर सृजना गर्ने ।
    - ➢ सेवा निवृत खेलाडीहरुका लागि अवसर निर्माण गर्ने ।
    - ➢ पारा खेलकुद प्रवद्धन गर्ने ।
- स्थानिय तहदेखि केन्द्रीय स्तर सम्म परिष्कृत तालिम र छात्रवृति कार्यक्रम मार्फत प्रशिक्षक, खेलकुद व्यवस्थापक,खेल शिक्षक (Educator), प्राज्ञिक तथा व्यवसायीक खेलकुद कर्मीहरुको विकास गर्ने ।
    - ➢ शैक्षिक तथा तालिम कार्यक्रम संचालन गर्ने ।
    - ➢ खेलकुदमा शैक्षिक छात्रवृत्तिको सुविधा स्थापना गर्ने ।
- बहुउद्देश्यीय खेलकुद पुर्वाधारहरु तथा त्यसको दिगो विकासका लागि कार्य गर्ने ।

- **High Performance** कमिटी गठन गरी अन्तराष्ट्रिय स्तरमा राष्ट्रिय टोलीको प्रदर्शनलाई सुधार गर्ने ।

## नेपाल खेलकुद क्षेत्रको वर्तमान अवस्था विश्लेषण

| क्र.श | विवरण | Strength | Weakness | Opportunities | T |
|---|---|---|---|---|---|
| १) | नितिगत र कानुनी व्यवस्था | • संघीय संरचना अनुरुप खेलकुद ऐन २०७७ जारी भएको ।<br>• रा.खे.प, ओलम्पिक, खेल संघ सम्बन्धी ठोस व्याख्या भएको । | • खेलकुद ऐन २०७७ क्रियान्वयन गर्न आवश्यक नियम, विनियम, निर्देशिका, कार्यविधि तथा आचार संहिता तयार नभएको ।<br>• खेलकुद ऐन २०७७ जारी भएतापनि पूर्ण कार्यन्वयनमा तदारुकता नभएको ।<br>• खेल संघहरुको आवाधिक साधारण सभा गर्न अनुमति प्रदान गर्न नसकेको ।<br>• दीर्घकालीन योजनाहरुको लागि नितिहरु नभएको । | • संघीय ढाँचा अनुरुप खेलकुद गतिविधि व्यवस्थापन गर्न सकिने ।<br>• हाल एकै खेलको धेरै संघहरु भएर सृजित भएका विवादहरुलाई सदाका लागि समाधान गर्न सकिने । | |
| २) | संस्थागत संरचनाको अवस्था | • संघ देखि जिल्ला सम्मको कार्यसंरचना रहेको ।<br>• राष्ट्रिय खेलकुद परिषदका स्पष्ट रुपमा विभागिय कार्य विभाजन रहेको । | • विभागहरुमा सन्तुलित कार्य विभाजन नभएको ।<br>• समकालिन खेलकुदको स्तरलाई संबोधन गर्ने आवश्यक विभाग नरहेको ।<br>• रिपोर्टीङ प्रणाली तथा नियंमन प्रणाली चुस्त नभएको ।<br>• अन्तर विभागहरु विच समन्वयमा कमी ।<br>• सुशासन, पारर्दशीता, जवाफ देहीतामा कमी रहेको । | • ऐन अनुरुप परिषदको संरचनालाई व्यवस्थित गर्न सकिने । | |

| | | | | |
|---|---|---|---|---|
| ३) | खेल पुर्वाधारको अवस्था | • अन्तराष्ट्रिय खेलकुद आयोजनाका लागि पुर्वाधार रहेको ।<br>• हरेक जिल्लाहरुमा खेलकुद प्रयोजनका लागी जग्गा/ रंगशाला/ कर्भडहलहरु रहेको । | • खेलकुद पुर्वाधारहरु बहुउपयोगी बनाउन नसकेको ।<br>• खेलकुद पुर्वाधारहरु अपाङ्ग मैत्री नरहेको ।<br>• भएका खेलकुद पुर्वाधारहरुको संरक्षण, ममर्त तथा स्तरोउन्नती पर्याप्त नभएको ।<br>• खेलकुद पुर्वाधारको उपयोग संचालन, संरक्षण गर्ने सम्बन्धी संरचना तथा व्यवस्थापन नभएको ।<br>• खेलकुद पुर्वाधारको लागि अपर्याप्त बजेट भएको । | • भएको खेलकुद पुर्वाधारहरुलाई बहुउपयोगी गर्न सकिने ।<br>• भएको जग्गा जमिनलाई खेलकुदका लागि पर्याप्त रुपमा उपयोग गर्न सकिने । |
| ४) | जनशक्ति अवस्था | • नेपालमा खेलकुदमा लामो समय देखि कार्यरत अनुभवी प्रशासनिक तथा प्राविधिक जनशक्ति रहेको । | • जनशक्तिहरु दक्ष नभएको ।<br>• खेलकुदमा रहेका जनशक्तिहरु प्राविधिक रुपमा अद्यावधिक नभएको ।<br>• जनशक्तिहरु नँया तथा परिवर्तित खेल नियम तथा विधिसंग अद्यावधिक नभएको । | • जनशक्तिलाई तालिम दिएर दक्ष बनाउन सकिने ।<br>• खेलाडी तथा खेलकुदमा रहेका जनशक्तिहरुलाई तालिम दिएर प्रिशिक्षक, रेफ्री, निर्णायक, खेल प्रशासनको रुपमा विकास गर्न सकिने । |
| ५) | खेलकुद प्रतियोगितामा राष्ट्रिय अन्तराष्ट्रिय उपस्थिति र उपलब्धि | • अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा नियमित रुपमा उपस्थिति रहेको ।<br>• राष्ट्रिय खेलकुद प्रतियोगिता संचालन | • राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडी छनौटमा सहि विधि अवलम्बन नहुनु ।<br>• प्रतियोगिता पूर्व तालिमको लागि पर्याप्त समय नहुनु | • नेपाली खेलकुदमा व्यवसायिक प्रतियोगिताहरु सुरु हुनु ।<br>• अन्तराष्ट्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गरेको ।<br>● हालै भएको दक्षिण एसियाली खेलमा धेरै मेडलहरु ल्याउन सफल भएको ।<br>● प्रमुख खेलहरुको राष्ट्रिय अन्तराष्ट्रिय प्रतियोतिामा सहभागी तथा उपलब्धिमा निरन्तरता रहेको । | ।<br>● प्रतियोगिताहरु निर्धारित समयमा नहुनु ।<br>● राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताको तयारीका लागि नवीनतम प्राविधिक उपकरण तथा विधिको अवाभ रहनु । | प्रतियोगिताहरु मा नियमित सहभागी हुनु ।<br>● भौगोलिक बहुविविधताका कारण प्रतियोगिता स्थल अनुरुप तालिम संचालनका लागि अवसर हुनु । | |

## नेपालमा खेलकुद क्षेत्रमा सुधार गर्नुपर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु (कारण सहित) :

१) **खेलकुद ऐन २०७७ नियम कार्यनन :** ऐन जारी भएपनि कार्यन्वयनमा तदारुकता नदेखाउनु । ऐनलाई कार्यन्वयन गर्न तत्काल आवश्यक नियम विनियम र आचार संहिता निर्माण गरिनुपर्दछ ।

२) **संस्थागत संरचनाको क्षेत्र :** समकालिन खेलकुदको स्तरलाई संबोधन गर्ने गरी आवश्यक विभागहरु नरहेको, रिपोर्टीङ प्रणाली तथा नियंमन प्रणाली चुस्त नभएको , अन्तर विभागहरु विच समन्वयमा कमी रहेको, सुशासन, पारर्दशीता, जवाफ देहीतामा कमी रहेको, प्रदेश, जिल्ला तथा स्थानिय तहमा खेलकुद संरचनाले पूर्णता नपाएको ।

३) **खेल पुर्वाधारको क्षेत्र :** खेलकुद पुर्वाधारहरु बहुउपयोगी बनाउन नसकेको ,खेलकुद पुर्वाधारहरु अपाङ्ग मैत्री नरहेको , भएका खेलकुद पुर्वाधारहरुको संरक्षण, ममर्तवा तथा स्तरोउन्नती पर्याप्त नभएको , खेलकुद पुर्वाधारको उपयोग संचालन, संरक्षण गर्ने सम्बन्धी संरचना तथा व्यवस्थापन नभएको, खेलकुद पुर्वाधारको लागि अपर्याप्त बजेट भएको ।

४) **जनशक्तिको पक्ष :** जनशक्तिहरु दक्ष नभएकोले खेलकुदमा रहेका जनशक्तिहरु प्राविधिक रुपमा अद्यावधिक नभएको र जनशक्तिहरु नँया तथा परिवर्तित खेल नियम, विधिसंग अद्यावधिक गराउनुपर्ने ।

५) **खेलकुद प्रतियोगितामा राष्ट्रिय अन्तराष्ट्रिय उपस्थिति र उपलब्धि :** राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडी छनौटमा सहि विधि अवलम्बन नहुनु, प्रतियोगिता पूर्व तालिमको लागि पर्याप्त समय नहुनु, प्रतियोगिताहरु निर्धारित समयमा नहुनु । राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलहरुमा तयारीका लागि नवीनतम प्राविधिक उपकरण तथा विधिको अवाभ ।

## प्रस्तावित योजना

- **संस्थागत क्षमताको विकास**

१) विभागहरुमा सन्तुलित कार्य विभाजन तथा समन्वय बढ्ने गरी खेलकुद ऐन २०७७ अनुसार संस्थागत संघको संरचना परिमार्जन गर्ने ।

२) बजेट तथा मानव संसधनलाई वर्तमान आवश्यकता अनुरुप व्यवस्थापन गर्ने । भौतिक पूर्वाधारको विकास एवं दिर्घकालिन व्यवस्थापनका लागि आर्थिक निर्भर एवं उत्पादन संग जोड्ने कार्यक्रम गर्ने ।

३) खेलकुद व्यवस्थापक प्रशिक्षक र खेलाडीहरुको प्रोत्साहन गर्न नितिगत व्यवस्था गर्ने । खेलकुदमा जीवन देख्ने परिस्थितिको सुनिश्चित गर्ने । खेलकुद गतिविधिलाई व्यवस्थित रुपमा प्रचार-प्रसार गर्ने ।

४) रा.खे.प, समिति, संघ, कर्मचारी, प्रशिक्षक खेलाडी, सबैका लागि ऐनको अनुरुप आचार संहिता निर्माण गरी लागु गर्ने ।

५) खेलाडी, रेफ्री, प्रशिक्षक तथा प्रतियोगिताको अभिलेख डिजिटल माध्यमबाट राख्ने डाटा म्योनेज्मेन्ट सिस्टमको व्यवस्था गर्ने ।

६) विद्यालय खेलकुद बोर्ड, विश्व विद्यालय खेलकुद बोर्ड गठन गरी तिनिहरुमा खेलकुद गतिविधिलाई व्यवस्थित रुपमा अगाडी बढाउने । विश्व विद्यालय खेलकुद बोर्ड निर्माण गरी विश्व विद्यालय खेलकुदलाई व्यवस्थित रुपमा अगाडी बढाउने ।

७) अल्पकालीन, मध्यकालीन र दिर्घकालीन कार्यक्रम बनाई १ महिनाभित्र खेलकूद विकास श्वेत पत्र जारी गरी कार्यन्वयन गर्ने ।

८) रिपोर्टीङ प्रणाली तथा नियंमन प्रणाली चुस्त बनाउने ।

९) सुशासन, पारदर्शीता र जवाफदेहितालाई सुनिश्चित गर्ने ।

१०) आर्थिक पक्षको सबलीकरण र पारदर्शीता सुनिश्चित गर्ने ।

११) रा.खे.पमा भएको जनशक्तिको स्तरवृद्धीको कार्यक्रम संचालन गर्ने ।

- **खेलाडी तथा जनशक्तिको विकास :**

**क) विद्यालय स्तरमा खेलाडी विकास :**

१) कक्षा ५ भन्दा माथि हरेक विद्यालयमा अनिवार्य खेलकुद विषय अध्यापन गराउनका लागि पहल गर्ने । हरेक जिल्लामा अनिवार्य खेलकुद शिक्षकहरुलाई आधारभूत खेल सम्बन्धि तालिमको व्यवस्था गर्न पहल लिने ।

२) विद्यालय तहमा र उच्च माध्यामिक तहमा हरेक वर्ष आन्तरिक खेलकुद प्रतियोगिता गराउने र खेलकुद दिवस तथा सप्ताह गर्न शिक्षा मन्त्रालय र स्थानीय पालिकाहरुसँग समन्वय र सहकार्य गर्ने ।

३) अधिकत्तम विद्यालयलहरु राष्ट्रपति रनिङ्ग सिल्डमा सहभागी गराई खेलाडीहरु उत्पादन गर्न विशेष प्राथमिकताका साथ कार्यन्वयन गर्ने ।

४) विद्यालय खेलकुद तथा विश्व विद्यालय प्रतियोगिता गर्दा उमेर समुहको आधारमा गरिने साथै उक्त कुराको सुनिश्चिताको लागि प्रविधिकको स्थापना र नियमन विधिलाई प्रभावकारी रुपमा व्यवस्थित गर्ने ।

५) परिषदद्धारा युवा तथा खेलकुद मन्त्रालय र शिक्षा मन्त्रालयको सहकार्यमा कार्य योजना निर्माण गरि प्रदेश सरकार (प्रदेश खेलकुद विकास परिषद) संग संयोजन गरी हरेक प्रदेशमा खेलकुद कलेज तथा विश्व विद्यालय संचालन गर्ने । निजि क्षेत्रलाई पनि सहकार्य गर्न आह्वान गरिनेछ ।

६) स्कुल तहमा उत्कृष्ठ प्रदशन गर्ने खेलाडीहरुलाई खेलकुद छात्रवृती प्रदान गरी आगामी खेल जीवनको लागी प्रोत्साहन गर्ने ।

७) राष्ट्रिय विश्व विद्यालय खेलकुद प्रतियोगिता संचालन गर्ने ।

**ख) खेलाडी तथा खेलकुद जनशक्ति :**

१) राष्ट्रिय खेलाडीलाई आवश्यक बिमा, स्वास्थ्य उपचार , पोशाक, खेलकुद सामाग्री, आहार तथा सवारी लगायत सार्वजनिक सेवाहरुमा प्रदान गर्ने ।

२) अन्तराष्ट्रिय मेडल प्राप्त खेलाडीलाई आजिवन स्वास्थ्य उपचार, सार्वजनिक सेवामा सुविधा उपलब्ध गराउने ।

३) राष्ट्रिय टिमको तयारीको लागि पुरुष, महिला टिम, पारा खेलाडी र उमेर समूहको आधारमा टीम तयारीलाई जोड दिईने ।

४) राष्ट्रिय संघ र महासंघहरुसंग समन्वय गरि अन्तराष्ट्रिय प्रतियोगिताहरु अधिकतम नेपालमा आयोजना गर्ने ।

५) खेल संघ तथा महासंघहरुले खेलकुद प्रतियोगिता तथा प्राविधिक जनशक्ति निर्माणको लागि ठोस योजना कार्य माग गरि कार्यन्वयनका लागि सहयोग तथा नियमन गर्ने ।

६) प्रदेश खेलकूद आयोजना (प्र.खे.वि.स.) तथा स्थानिय तह खेलकुद (स्थानिय तह खेलकूद विकास समिति ) प्रतियोगिताका लागि प्रभावकारी समन्वय तथा सहजीकरण एंव प्रोत्साहन गर्ने ।

७) राष्ट्रिय खेलाडीहरुलाई सरकारी तथा निजी क्षेत्रहरुमा रोजगारीको निश्चित कोटाको व्यवस्था गर्नका लागि पहल गर्ने ।

८) खेल गत रुपमा कोच तथा रेफ्री उत्पादनका लागि नेपालमै कोच तथा रेफ्री निर्माण गर्न शिक्षक (Educator) उत्पादन गर्ने , प्रशिक्षकहरुको स्तरवृद्धि योजना एंवम प्रशिक्षक आवधिक मुल्याङ्कन तथा नियमवनलाई जोड दिने ।

- **भौतिक संरचनाको विकास :**

१) कुनै एक खेलको लागि मात्र नभई बहुउपयोगी खेलकुद पुर्वाधारको नीति अबलम्बन गरीने ।

२) ख) हाल रहेको अन्तर्राष्ट्रिय खेलकुद पूर्वाधारलाई थप सुदृढीकरण गर्ने र देशभरि रहेका खेलकूद पूर्वाधारहरुको स्तरोन्नति गर्ने । भएको जग्गालाई खेलकुदका लागि पर्याप्त रुपमा उपयोग गर्न सकिने बनाउने ।

३) खेलकुद पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने ।

४) हरेक प्रदेशमा एक राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद आयोजना गर्न सक्ने खेलकुद परिसर पुर्वाधार निर्माण गर्ने ।

५) खेलकुद पुर्वाधारको उपयोग, संचालन, संरक्षण गर्ने सम्बन्धी नितिगत संरचना तथा व्यवस्थापन गर्ने ।

६) भौतिक पुर्वाधार विकासको लागि निजि क्षेत्र, क्लब, संघ सस्थाहरुलाई प्रोत्साहन र सहयोग गर्ने ।

७) हरेक पालिकामा बहुउपयोगी एक रंगशाला र कर्भड हल निर्माणका लागि नितिगत व्यवीथाको पहल गर्ने । र हरेक वडामा खेलकुद मैदान र इन्डोर हल निर्माण गर्न नितीगत व्यवस्था गर्ने र आवश्यक प्राविधिक सहयोग र प्रोत्साहन गर्ने ।

८) हरेक विद्यालय र विश्व विद्यालयमा खेलकुद मैदान र कभर्ड हल स्थापना गर्न नितीगत व्यवस्थाका लागि पहल गर्ने ।

९) हरेक नागरिकलाई सहज व्यायमको लागि सामूदायिक उपभोगको उद्देश्यले सार्वजनिक स्थलमा खुल्ला व्यायामशालाको स्थापनाका लागि सम्बन्धित स्थानिय तह तथा नागरिकलाई प्रोत्साहन गर्ने ।

१०) नगरिक, निजि क्षेत्र, सहकारी संग साझेदारीमा खेलकुद पुर्वाधार निर्माणका लागि कार्य गर्ने ।

- **खेलकुद क्षेत्रमा संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य :**

१) राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि प्रदेश स्तरमा प्रतियोगिता संचालनका लागि समन्वय गर्ने साथै प्रदेश खेलकुद विकास परिषदलाई खेलकुद गतिविधि संचालनको लागि आवश्यक सहकार्य एंव सहयोग गर्ने ।

२) खेलकुद विकासको लागि वार्षिक रुपमा प्रदेश खेलकूद विकास सम्मेलन गर्ने र यस्तो कार्यक्रमहरुमा जिल्ला खेलकुद विकास समिति, स्थानीय तहको खेलकुद प्रमुख र राष्ट्रिय खेलकुद परिषदको प्रतिनिधिको उपस्थितिमा गराउने ।

- **अन्तराष्ट्रिय प्रतियोगितामा प्रभावकारी उपस्थीति :**

१) **High Performance** कमिटी गठन गरी राष्ट्रिय टोलीको तयारीलाई व्यवस्थित गर्ने ।

२) अन्तराष्ट्रिय सहभागिताको लागि कम्तीमा वर्ष भरी तालिमको निश्चित गर्ने, तालिम अवधिमा अन्तराष्ट्रिय प्रशिक्षक झिकाई रिफ्रेशर तालिम दिइने साथै मैत्रीपूर्ण खेल खेलाईने ।

३) सन २०२२ सेप्टेम्बरमा हुने १९औ एसियन खेलकुद प्रतियोगिता र १४ औ दक्षिण एसियाली खेलको लागि केन्द्रित भएर व्यवस्थित अविलम्ब तयारी बढाउने ।ओम्पिक, पाराल्म्पिक, युथ ओम्पिकलाई लागि केन्द्रित भएर तयारी तथा सहभागीताको सुनिश्चित गर्ने ।

४) अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा प्रभावकारी उपस्थितिका लागि हरेक प्रदेशमा प्रतिभाको खोजी गरेर खेलाडी छनौटमा सहि विधि अपानउने ।

५) अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा उपलब्धी पाउनका लागि राष्ट्रिय टीमको तयारीमा वैज्ञानिक प्रविधि तथा उपकरण प्रयोग गर्ने ।

६) प्रतियोगिता हुने वातावरण अनुरुप नेपालमा मिल्ने भौगोलिक रुपमा भएको स्थानमा तालिम दिइने । (हाई अल्टिट्यूट टेनिङ सेन्टर)

**योजना कार्यान्वयन खाका :**

**पहिलो वर्ष :**

१) खेलकुद ऐन २०७७ अनुसार नियम, विनियम निर्माण गर्ने ।

२) अल्पकालीन, मध्यकालीन र दिर्घकालीन कार्यक्रम बनाई १ महिनाभित्र खेलकूद विकास श्वेत पत्र जारी गरी कार्यन्वयन गर्ने ।

३) रा.खे.प, समिति, संघ, कर्मचारी, प्रशिक्षक खेलाडी, सबैका लागि ऐनको अनुरुप आचार संहिता निर्माण गरी लागु गर्ने ।

४) विद्यालय खेलकुद बोर्ड, विश्व विद्यालय खेलकुद बोर्ड गठन गरी खेलकुद गतिविधिलाई व्यवस्थित रुपमा अगाडी बढाउने ।

५) रिपोर्टीङ प्रणाली तथा नियंमन प्रणालीलाई चुस्त बनाउने ।

६) राखेपमा सुशासन कायम गर्न पारदर्शीता, जवाफदेहितालाई सुनिश्चित गर्ने ।

७) आर्थिक पक्षको सबलीकरण र पारदर्शीता सुनिश्चिता गर्ने ।

८) नौ औ राष्ट्रिय खेलकुद आयोजनाको लागि केन्द्रीत भएर काम गर्ने ।

९) खेलाडीलाई आवश्यक बिमा, स्वास्थ्य उपचार , पोशाक, खेलकुद सामाग्री, आहार तथा सवारी लगायत सार्वजनिक सेवाहरुमा प्रदान गर्ने । राष्ट्रिय टिमको तयारीको लागि पुरुष, महिला टिम, पारा खेलाडी र उमेर समूहको आधारमा टीम तयारीलाई जोड दिईने ।

१०) प्रदेश खेलकूद आयोजना (प्र.खे.वि.स.) तथा स्थानिय तह खेलकुद (स्थानिय तह खेलकूद विकास समिति ) प्रतियोगिताका लागि प्रभावकारी समन्वय तथा सहजीकरण एंव प्रोत्साहन गर्न खेलकुद विकास गोष्ठी संचालन गर्ने ।

११) कुनै एक खेलको लागि मात्र नभई बहुउपयोगी खेलकुद पुर्वाधारको नीतिलाई अबलम्बन गर्दै सबै पुर्वाधारमा निर्माण तथा सुधारमा उक्त नीतिलाई कार्यन्वयन गर्ने । साथै खेलकुद पुर्वाधारको उपयोगमा संचालन, संरक्षण गर्ने सम्बन्धी नितिगत संरचना तथा व्यवस्थापन गर्ने ।

१२) **High Performance** कमिटी गठन गरी राष्ट्रिय टोलीको तयारीलाई व्यवस्थित गर्ने ।

१३) सन २०२२ सेप्टेम्बरमा हुने १९औ एसियन खेलकुद प्रतियोगिता र १४ औ दक्षिण एसियाली खेलको लागि केन्द्रित भएर व्यवस्थित अविलम्ब तयारी बढाउने । ओम्पिक, पाराल्मिपिक, युथ ओम्पिकलाई लागि केन्द्रित भएर तयारी तथा सहभागीताको सुनिश्चित गर्ने ।

१४) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि नियमित तयारीको कार्य गर्ने ।

**दोश्रो वर्ष :**

१) बजेट तथा मानव संसधनलाई वर्तमान आवश्यकता अनुरुप वृद्धी व्यवस्थापन गर्ने । भौतिक पूर्वाधारको विकास एवं दिर्घकालिन व्यवस्थापनका लागि आर्थिक निर्भर एवं उत्पादन संग जोड्ने कार्यक्रम अघि बढाउने ।

२) रा.खे.पमा भएको जनशक्तिको स्तरवृद्धीको कार्यक्रम संचालन गर्ने ।

३) खेलाडी, रेफ्री, प्रशिक्षक तथा प्रतियोगिताको अभिलेख डिजिटल माध्यमबाट राख्ने डाटा म्योनेज्मेन्ट सिस्टमको व्यवस्था गर्ने ।

४) कक्षा ५ भन्दा माथि हरेक विद्यालयमा अनिवार्य खेलकुद विषय अध्यापन गराउनका लागि पहल गर्ने । हरेक जिल्लामा अनिवार्य खेलकुद शिक्षकहरुलाई आधारभूत खेल सम्बन्धि तालिमको व्यवस्था गरिने ।

५) विद्यालय तहमा र उच्च माध्यामिक तहमा हरेक वर्ष आन्तरिक खेलकुद प्रतियोगिता गराउने र खेलकुद दिवस तथा सप्ताह गर्न शिक्षा मन्त्रालय र स्थानीय पालिकाहरुसँग समन्वय र सहकार्य गर्ने । त्यस कामका लागि विद्यालय खेलकुद बोर्ड मार्फत प्रभावकारी परिचालनमा जोड दिने ।

६) राष्ट्रिय विश्व विद्यालय खेलकुद प्रतियोगिता संचालन गर्ने । ।

७) राष्ट्रिय संघ र महासंघहरुसंग समन्वय गरि अन्तराष्ट्रिय प्रतियोगिताहरु अधिकतम नेपालमा आयोजना गर्ने ।

८) राष्ट्रिय खेलाडीहरुलाई सरकारी तथा निजी क्षेत्रहरुमा रोजगारीको निश्चित कोटाको व्यवस्था गर्नका लागि पहल गर्ने ।

९) हाल रहेको अन्तर्राष्ट्रिय खेलकुद पूर्वाधारलाई थप सुदृढीकरण गर्ने र देशभरि रहेका खेलकूद पूर्वाधारहरुको स्तरोन्नति गर्ने । भएको जगालाई खेलकुदका लागि पर्याप्त रुपमा उपयोग गर्न सकिने बनाउने । खेलकुद पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने । हरेक प्रदेशमा एक राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद आयोजना गर्न सक्ने खेलकुद परिसर पुर्वाधार निर्माण गर्ने ।

१०) भौतिक पुर्वाधार विकासको लागि निजि क्षेत्र, क्लब, संघ सस्थाहरुलाई प्रोत्साहन र सहयोग गर्ने ।

११) खेलकुद विकासको लागि वार्षिक रुपमा प्रदेश खेलकूद विकास सम्मेलन गर्ने र यस्तो कार्यक्रमहरुमा जिल्ला खेलकुद विकास समिति, स्थानीय तहको खेलकुद प्रमुख र राष्ट्रिय खेलकुद परिषदको प्रतिनिधिको उपस्थितिमा गराउने ।

१२) अन्तराष्ट्रिय सहभागिताको लागि कम्तीमा वर्ष भरी तालिमको निश्चित गर्ने, तालिम अवधिमा अन्तराष्ट्रिय प्रशिक्षक झिकाई रिफ्रेशर तालिम दिइने साथै मैत्रीपूर्ण खेल खेलाईने ।

१३) अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा प्रभावकारी उपस्थितिका लागि हरेक प्रदेशमा प्रतिभाको खोजी गरेर खेलाडी छनौटमा सहि विधि अपनाउने । अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा उपलब्धी पाउनका लागि राष्ट्रिय टीमको तयारीमा वैज्ञानिक प्रविधि तथा उपकरण प्रयोग गर्ने ।

१४) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि नियमित तयारीको कार्य गर्ने ।

**तेश्रो वर्ष :**

१) १० औ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने ।
२) विद्यालय खेलकुद तथा विश्व विद्यालय प्रतियोगिता गर्दा उमेर समुहको आधारमा गरिने साथै उक्त कुराको सुनिश्चिताको लागि प्रविधिको स्थापना गर्ने ।
३) स्कुल तहमा उत्कृष्ठ प्रर्दशन गर्ने खेलाडीहरुलाई खेलकुद छात्रवृती प्रदान गरी आगामी खेल जीवनको लागी प्रोत्साहनका लागि ठोस योजना ल्याउने ।
४) खेल गत रुपमा कोच तथा रेफ्री उत्पादनका लागि नेपालमै कोच तथा रेफ्री शिक्षक (Educator) उत्पादन गर्ने , प्रशिक्षक जनशक्तिको स्तरवृद्धि योजना एंवम प्रशिक्षक आवधिक मुल्याङ्कन तथा नियमवनलाई जोड दिने ।
५) नगरिक, निजि क्षेत्र, सहकारी संग साझेदारीमा खेलकुद पुर्वाधार निर्माण गर्ने ।
६) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि नियमित तयारीको कार्य गर्ने ।

**चौथो वर्ष :**

१) परिषदद्धारा युवा तथा खेलकुद मन्त्रालय र शिक्षा मन्त्रालयको सहकार्यमा कार्य योजना निर्माण गरि प्रदेश सरकार (प्रदेश खेलकुद विकास परिषद) संग संयोजन गरी हरेक प्रदेशमा खेलकुद कलेज तथा विश्व विद्यालय संचालन गर्ने । निजि क्षेत्रलाई पनि सहकार्य गर्न आह्वान गरिनेछ ।
२) प्रतियोगिता हुने वातावरण अनुरुप नेपालमा मिल्ने भौगोलिक रुपमा भएको स्थानमा तालिम दिन सकिने । (हाई अल्टिट्यूट टेन्रिङ सेन्टर)
३) Baby League आयोजना गर्ने ।
४) अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि नियमित तयारीको कार्य गर्ने ।

**- टंकलाल घिसिङ**